# अध्याय १: कानून अपराधी कसरी बन्छ? — न्यायको साधन कि नियन्त्रणको हतियार




*यो चित्रले तीनवटा कुरा एकैचोटि देखाउँछः*

***१. स्वतन्त्र हुन खोजेको मान्छे –*** *मान्छे = नागरिक, व्यवसायी, उद्यमी, ऊ काम गर्न, अघि बढ्न, सिर्जना गर्न चाहन्छ।*

***२. अनेक बाधा – डोरीहरू***

- *नियमहरू (Rules)*
- *कर*
- *लाइसेन्स*
- *अनुमति - यी सबै कानूनी प्रक्रिया, अनुमति प्रणाली, कर*

*संरचना, नियमहरूको जाल*

***३. जालमा फसेको अवस्था*** - *डोरी एउटै होइन—धेरै छन्, मान्छे अपराधी होइन तर देखिन्छ जस्तो छ—ऊ फसेको छ*

👉 *छुट्न सक्ने सम्भावना छ*
*तर जटिलताले उसलाई रोक्छ*

*कानूनले बाटो देखाउनुपर्थ्यो*
*तर यहाँ*
***कानून नै जाल बनेको छ।***

## न्यायको साधन कि नियन्त्रणको हतियार?

*हामीले प्रस्तावनामा एउटा कुरा देख्यौं—*

- *अगाडि सुन्दर*
- *पछाडि खोक्रो*

*आजको प्रश्न यही हो—*

- *के हाम्रो कानून पनि त्यस्तै "कानूनी चुडेल" बन्दै गएको त होइन?*

*म सानो हुँदा एउटा कुरा सिकाइन्थ्यो—*

- *"कानून मान्नु पर्छ।"*

- *"कानून भएन भने समाज चल्दैन।"*

*त्यो कुरा गलत थिएन।*
*कानून आवश्यक छ।*
*कानून बिना समाज अराजक हुन्छ।*

*तर आज म तपाईंलाई एउटा फरक प्रश्न सोध्न चाहन्छु—*

- *के कानून सधैँ राम्रो हुन्छ?*
- *के कानून सधैँ न्यायपूर्ण हुन्छ?*

*हामीले कानूनलाई—*

- *अन्तिम सत्य जस्तो मान्यौँ*
- *प्रश्नभन्दा माथि राख्यौँ*

*तर इतिहासले देखाउँछ—*

- *सबै कानून सही हुँदैनन्*
- *केही कानून अन्यायलाई नै वैध बनाउँछन्*

*कानूनको जन्म राम्रो उद्देश्यबाट हुन्छ—*

- *मानिसबीच विवाद नहोस्*
- *कमजोरलाई सुरक्षा मिलोस्*
- *समाज व्यवस्थित बनोस्*

*तर...*
*समस्या त्यहाँ सुरु हुन्छ—*

जब कानून उद्देश्यबाट टाढा जान्छ।

पहिले—

- कानून मानिसको सेवा गर्न बनाइएको थियो

तर बिस्तारै—

- मानिसले कानूनलाई सेवा गर्न थाल्यो

आज हामी यस्तो अवस्थामा पुगेका छौँ जहाँ—

- काम गर्नुभन्दा पहिले सोधिन्छ:
  "अनुमति छ कि छैन?"

- सिर्जना गर्नुभन्दा पहिले सोधिन्छ:
  "नियमले दिन्छ कि दिन्न?"

यसरी—

- विचार रोकिन्छ
- साहस हराउँछ
- काम सुरु हुनुभन्दा पहिले नै बन्द हुन्छ

जब कानूनले मार्ग देखाउन छोडेर
- बाटो नै रोक्न थाल्छ—

त्यहीँबाट समस्या सुरु हुन्छ।

## काँडेल के हो?

- कानून जस्तो देखिने
  - तर व्यवहारमा अन्याय गर्ने प्रणाली=काँडेल (कानूनी चुडेल)

## दृश्य १: सुरक्षा पनि असुरक्षित

काठमाडौँमा पछिल्ला केही वर्षमा—
 सहर व्यवस्थापनका नाममा
 धेरै घरहरूमा डोजर लगाइयो।

कतिपय अवस्थामा—

- नक्सा पास गरिएको थियो
  - कर तिरिएको थियो
  - ऋण लिएर घर बनाइएको थियो

तर पछि—

- बाटो विस्तार
  - नियमको नयाँ व्याख्या
  - वा "मिलेन" भन्ने निर्णय

का आधारमा
 त्यही घरहरू भत्काइए।

यहाँ एउटा गहिरो प्रश्न उठ्छ—गल्ती कसको हो?

मानिसले त—
 सरकारकै प्रक्रिया पालना गरेको थियो।

तर अन्त्यमा—

- उसले घर गुमायो
- उसले लगानी गुमायो
- उसले सुरक्षा गुमायो, भवीस्य, सपना, भरोसा

यसरी—

- सरकारले अनुमति दिन्छ
- अनि त्यही कामलाई अवैध ठहर गर्छ

त्यसपछि प्रश्न उठ्छ—

- कानून स्थिर छ?

कि

- शक्ति अनुसार बदलिन्छ?

यही हो—
जहाँ कानून "काँडेल" बन्छ।

## दृश्य २: भविष्यलाई रोक्ने कानून

करिब पाँच वर्षअघि—

मेरो एकजना विद्यार्थीले मलाई भने—
"सर, एउटा कोइन छ, भविष्यमा धेरै बढ्छ।"

त्यो थियो—Ethereum

*त्यतिबेला—*

- *एउटा इथेरियमको मूल्य करिब ६ डलर थियो*

*मैले सोचेँ—"किन नकिनौँ?"*

*मैले—*

- *एकाउन्ट बनाउन खोजेँ*
- *पैसा हाल्न खोजेँ*

*तर त्यही बेला—*

- *नेपाल सरकारले क्रिप्टोलाई गैरकानुनी घोषणा गऱ्यो*

*त्यसपछि—*

- *मेरो योजना रोकियो*
- *अवसर बन्द भयो*

*आज—*

- *एउटै इथेरियमको मूल्य हजारौँ डलर पुगेको छ*

*म कहिलेकाहीँ सोच्छु—*

- *यदि मैले त्यतिबेला १०० वटा किनेको भए?*

*तर यहाँ ठूलो कुरा पैसा होइन।*

ठूलो कुरा हो—

• निर्णय गर्ने स्वतन्त्रता

प्रश्न उठ्छ—

• जोखिम लिने अधिकार कसको हो?
• नागरिकको?
कि
• राज्यको?

जब राज्यले—

• नयाँ कुरा बुझ्नुभन्दा पहिले
• त्यसलाई प्रतिबन्ध लगाउँछ

त्यसपछि—

• नवप्रवर्तन रोकिन्छ
• अवसर हराउँछ
• भविष्य बन्द हुन्छ

यही हो—

जहाँ कानून सुरक्षा होइन,
• अवरोध बन्छ

जहाँ कानून मार्ग होइन,
• बन्द ढोका बन्छ

## दृश्य ३: काम सुरु गर्नै गाह्रो

*अब अर्को दृश्य—*

*एउटा मानिस*

- *सानो व्यवसाय सुरु गर्न चाहन्छ*

*उसँग छ—*

- *सीप*
- *इच्छा*
- *मेहनत गर्ने मन*

*तर सुरु गर्नुभन्दा पहिले—*

- *लाइसेन्स*
- *दर्ता*
- *कर*
- *अनुमति*
- *निरीक्षण*

*यी सबैको जाल पार गर्नुपर्छ।*

*काम सुरु गर्नुभन्दा पहिले*
*उसले सिक्छ—*

- *डर*
- *"कहीँ गल्ती भयो भने?"*

- “कहीँ पक्राउ परिएला?”
- “कहीँ जरिवाना तिर्नुपर्ला?”

यो डर के हो?

- काम सुरु गर्नु अघि डर
- काम गर्दा डर
- सफल भएपछि पनि डर

यस्तो समाजमा—

- सृजनशील मानिस हराउँछन्
- नियम जान्ने मानिस मात्र बाँच्छन्

## गहिरो परिवर्तन

पहिले—कानूनले अपराधी खोज्थ्यो

अब—कानूनले अपराधी बनाउँछ

किन?

- नियम यति धेरै छन्
- प्रक्रिया यति जटिल छ

कि—कुनै न कुनै नियम त तोडिन्छ नै

यसरी—

- *सामान्य मानिस पनि अपराधी बन्न थाल्छ*

*सबैभन्दा खतरनाक कुरा—यो सबै "कानूनको नाममा" हुन्छ*

*मानिस चुप लाग्छ—"यो त नियम हो" भनेर*

*तर प्रश्न उठ्छ—*

- *के सबै नियम मान्नै पर्छ?*
- *कि केही नियम आफैं गलत हुन्छन्?*

## फरक बुझौं

*कानून:*

- *लेखिएको हुन्छ*
- *बदलिन सक्छ*
- *शक्तिशालीले बनाउँछ*

*न्याय:*

- *महसुस हुन्छ*
- *सार्वभौमिक हुन्छ*
- *कमजोरको पक्षमा उभिन्छ*

## निष्कर्ष

*त्यसैले—*

- *कानून मान्नु राम्रो हो*

तर

• कानून बुझ्नु अझ आवश्यक हो

किनकि—

• सबै कानून सही हुँदैनन्

र सबैभन्दा ठूलो सत्य—

• कानून पवित्र हुँदैन

• न्याय पवित्र हुन्छ

अब अर्को अध्यायमा हामी अझ गहिरो कुरा हेर्नेछौँ—

• कानून कसरी प्रयोग हुन्छ?


• न्यायका लागि?

कि

• नियन्त्रणका लागि?

**Rule of Law** vs **Rule by Law**

यहींबाट असली खेल सुरु हुन्छ।




## *अध्याय १ सन्दर्भ सामाग्रीहरू*

Dicey, A. V. *Introduction to the Study of the Law of the Constitution.* London: Macmillan, 1885.

Fuller, Lon L. *The Morality of Law.* New Haven: Yale University Press, 1964.

Hayek, Friedrich A. *The Constitution of Liberty.* Chicago: University of Chicago Press, 1960.

De Soto, Hernando. *The Mystery of Capital: Why Capitalism Triumphs in the West and Fails Everywhere Else.* New York: Basic Books, 2000.

World Bank. *Doing Business 2020: Comparing Business Regulation in 190 Economies.* Washington, DC: World Bank, 2020.

Sunstein, Cass R. *Why Nudge? The Politics of Libertarian Paternalism.* New Haven: Yale University Press, 2014.

Lessig, Lawrence. *Code and Other Laws of Cyberspace.* New York: Basic Books, 1999.

United Nations Development Programme (UNDP). *Access to Justice: Practice Note.* New York: UNDP, 2004.

Ministry of Law, Justice and Parliamentary Affairs, Government of Nepal. *Constitution of Nepal, 2015.* Kathmandu: Government of Nepal, 2015.

Nepal Rastra Bank. *Notice on Cryptocurrency Transactions (Illegal Declaration).* Kathmandu: Nepal Rastra Bank, 2017.